मनहरी गाउँपालिकाको ब्याक हो लोडर संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ (प्रथम संशोधन), २०८०

कार्यपालिकाबाट पारित मिति : २०८०/०९/२८

प्रमाणिकरण मिति : २०८०/१०/०२

प्रस्तावना : मनहरी गाउपालिकाको ब्याक हो लोडर संचालन तथा व्यवस्थापन कार्यविधि, २०७८ लाई समयानुकुल बनाउन बाञ्छनीय भएकाले मनहरी गाउँपालिकाको ब्याक हो लोडर संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ पहिलो संशोधन गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम मनहरी गाउँपालिकाको ब्याक हो लोडर संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ (प्रथम संशोधन, २०८०) रहेको छ ।

(२) यो निर्देशिका मनहरी गाउँपालिकाको राजपत्रमा प्रकाशन भए पछि प्रारम्भ हुनेछ ।

२. कार्यविधिको दफा ४ को उपदफा च थप गरिएको छ ।

च) गाउपालिकाले ईन्धन खर्च ब्यहोर्ने गरी वा विपद् व्यवस्थापन कार्यमा प्रयोग गर्ने गरी ब्याक हो लोडर प्रयोग गर्नु परेमा भाडा नलाग्ने गरी प्रयोग गरिनेछ ।

तर वडा कार्यालयबाट ब्याक हो लोडर माग गर्दा वा संचालनको सिफारिस गर्दा सो योजनामा अन्यत्रबाट बजेट नपरेको वा दोहोरो खर्च नहुने गरी सिफारिस गर्नु पर्नेछ ।

३. कार्यविधिको दपा ७ मा देहाय उपदफा थप घट गरिएको छ ।

क. उपदफा ख को सट्टा नियमित कार्यका लागि वडा कार्यालयको सिफारिसमा स्वीकृत लागत अनुमानको आधारमा सप्रमुख प्रशासकीय अधिकृतले खटाउन सक्नेछ ।

ख. उपदफा झ खारेज गरी ब्याक हो लोडरको आम्दानी रकम गाउपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गरिनेछ ।

४. कार्यविधिको दफा ११ को उपदफा क मा अनिवार्य भन्ने शब्दको सट्टा सामान्यतया भन्ने शब्द राखे ।

रन्जन कालाखेती
अध्यक्ष

.................

प्रमाणित गर्ने

रन्जन कालाखेती

गाउँपालिका अध्यक्ष